# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।९।६ को निर्णय अनुसार विशेष प्रहरी विभागका मुख्य अधिकृत श्री केशवराज राजभण्डारीलाई स्थानीय विकास मन्त्रालयको सचिव पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
डा. रवीन्द्रकुमार शाक्य
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री ईश्वरीप्रसाद न्यौपानेले घरायसी कारण देखाई २०५५।७।३० गतेदेखि लागू हुने गरी दिनु भएको राजीनामा सोही मितिदेखि लागू हुने गरी महालेखा परीक्षकले मिति २०५५।९।२० मा स्वीकृत गरेको छ ।

आज्ञाले,
बच्चुराम दाहाल
नायब महालेखा परीक्षक

३५६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, राजपत्र प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।